8th NRN Global Conference & NRNA International General Assembly

TRANSFORMING NRNA

OUR WOMEN, OUR YOUTH & OUR SECOND GENERATION FOR A STRONGER FUTURE

FOR NEPALI BY NEPALI

14th - 17th October 2017 Kathmandu, Nepal

October 15, 2017 Newsletter

## एनआरएनएको आठौं विश्व सम्मेलन सुरु

# ज्ञान, सीप र पुँजी नेपालमा उपयोग गर्न राष्ट्रपतिको आग्रह

काठमाडौं। गैरआवासीय नेपाली संघ (एनआरएनए)को आठौँ विश्व सम्मेलन शनिबार काठमाडौंमा सुरु भएको छ। ७० देशबाट आएका दुई हजारभन्दा बढी प्रतिनिधिमाझ राष्ट्रपति विद्यादेवी भण्डारीले सम्मेलनको उद्घाटन गर्नुभएको थियो।

उद्घाटन समारोहलाई सम्बोधन गर्दै राष्ट्रपति भण्डारीले विदेशमा छरिएर रहेका नेपालीको मातृभूमिप्रतिको लगाव र आत्मीयताको प्रशंसा गर्नुभएको थियो। प्रवासी नेपालीहरूले विदेशमा सद्भावनादूत र राष्ट्रियताको पहरेदारका रूपमा काम गरेको राष्ट्रपतिले टिप्पणी गर्नुभयो। “गैरआवासीय नेपालीको मुलुक विकासमा महत्त्वपूर्ण भूमिका र दायित्व हुन्छ,” उहाँले भन्नुभयो, “प्रवासी नेपालीका लागि नेपालको पर्यटन, सूचना, सञ्चार, शिक्षा, स्वास्थ्यलगायत क्षेत्रमा लगानीको अथाह अवसर छ।” उहाँले व्यक्तिगत एवम् संस्थागत रूपमा योगदान गर्दै देशको विकासमा योगदान पुऱ्याउन गैरआवासीय नेपालीलाई आग्रह गर्नुभयो।

उद्घाटन कार्यक्रममा संघका अध्यक्ष डा. शेष घलेले विदेशमा कमाएको ज्ञान, सीप र पुँजी नेपालमा लगानी गरेर समृद्धिको मार्ग फराकिलो पार्नु संस्थाको मुख्य अभियान रहेको बताउनुभयो। पर्यटन, शिक्षा, स्वास्थ्य, बैंकिङलगायत क्षेत्रमा एनआरएनहरूले लगानी गरिरहेको घलेको भनाइ थियो। “प्रवासी नेपालीको लगानीबाट नेपालमा लगानीको वातावरणमा प्रोत्साहन र उत्प्रेरणा मिलेको छ,” उहाँले भन्नुभयो। गैरआवासीय नेपालीले विदेशमा प्रविधि र सेवाक्षेत्रमा हासिल गरेको विशेषज्ञता नेपालको हितमा उपयोग गर्ने बेला आएको उहाँले बताउनुभयो।



**“आवर वुमन, आवर युथ एन्ड सेकेन्ड जेनेरेसन फर स्ट्ङ्गर फ्युचनर” भन्ने नाराका साथ तीन दिनसम्म चल्ने सम्मेलनले आगामी २ वर्षका लागि नयाँ नेतृत्व चयन गर्दै छ**

### ‘मिनी-राष्ट्रसंघ’को परिकल्पना

‘आवर वुमन, आवर युथ एन्ड सेकेन्ड जेनेरेसन फर स्ट्रङ्गर फ्युचनर’ भन्ने नाराका साथ तीन दिनसम्म चल्ने सम्मेलनले आगामी २ वर्षका लागि नयाँ नेतृत्व चयन गर्दै छ। यो सम्मेलनले महिला, युवा र दोस्रो पुस्तालाई संस्थाको नेतृत्वमा ल्याउन पुनर्संरचना अघि बढाइएको अध्यक्ष घलेले बताउनुभयो। उहाँले एनआरएनएलाई ‘मिनी-राष्ट्रसंघ’को स्वरूपमा परिकल्पना गरेको जानकारी दिनुभयो। सरकारले गैरआवासीय नेपालीलाई नागरिकता प्रदान गर्ने निर्णयले खुसी लागेको तर कार्यान्वयन गराउने एजेन्डा बाँकी रहेको उहाँले बताउनुभयो। “प्रवासी नेपालीलाई नेपाली नागरिकता दिने निर्णय कार्यान्वयन गराउने एजेन्डा बाँकी नै छ,” उहाँले भन्नुभयो, “हामीले प्रस्ताव गरेको विश्वविद्यालय सञ्चालन गर्ने एजेन्डा पनि पूरा हुन बाँकी छ।” यी एजेन्डा कार्यान्वयनमा लैजानु संस्थाको अबको प्राथमिकता हुने उहाँले बताउनुभयो।

भूकम्प, नाकाबन्दी र तराईमा आएको बाढीपछि विश्वभर छरिएरका नेपालीले संस्थामार्फत गरेको सहयोग उल्लेखनीय रहेकोसमेत उहाँले बताउनुभयो। मातृभूमिमा संकट पर्दा प्रवासी नेपालीलाई पनि चोट लाग्ने बताउँदै घलेले भन्नुभयो, “आपत्कालीन राहत र औषधि वितरण तथा स्थायी आवास निर्माणमार्फत प्रवासी नेपालीले दुखेको घाउमा मल्हम लगाएका छन्।” संघको पहलमा गोरखाको लाप्राकमा स्थायी आवास निर्माणको काम अन्तिम चरणमा पुगेको उहाँले जानकारी दिनुभयो। संघले लाप्राकमा भूकम्पपीडित जनताका लागि ६ सय १२ घरसहितको नमुना बस्ती निर्माण गरिरहेको छ। विपत्मा गरेको सहयोगका कारण मुलुक अप्ठ्यारो पर्दा प्रवासी नेपालीको भरोसा छ है भन्ने आस जगाउन सकिएको उहाँको भनाइ थियो। विदेशमा उच्च र सफल जीवन बिताए पनि मुलुकको विकासप्रति गैरआवासीय नेपाली चिन्तित भइरहेको उहाँले सुनाउनुभयो। “देश विकास नभई विदेशमा उच्च कोटीको जीवन बिताउँदा पनि सन्तोष मिल्दैन,” घलेले भन्नुभयो, “त्यसैले, प्रवासी नेपालीको लगानी प्रतिबद्धता र देशप्रेममाथि शंका गर्नु सट्टा नेपाली मन र मुटुको आवाज भन्नुपर्‍यो।”

स्थानीय तहको निर्वाचन सम्पन्न भएर मुलुकमा लगानीको वातावरण सुधार हुनु सकारात्मक भएको अध्यक्ष घलेको धारणा थियो। उहाँले संघीय र प्रदेश सभाको निर्वाचनपछि आर्थिक विकासको सम्भावना थप अघि बढ्ने विश्वास लिएको बताउनुभयो। “देशमा लगानीको वातावरण बन्दै गर्दा लगानी भित्र्याउन र गरिएका बाचा पूरा गर्न केन्द्रित हुनेछौं,” उहाँले भन्नुभयो।

कार्यक्रममा परराष्ट्रमन्त्री कृष्णबहादुर महराले गैरआवासीय नेपालीबाट देशको आर्थिक विकासका ठूलो अपेक्षा रहेको बताउनुभयो। भूकम्पपीडितलाई राहत वितरण र पुनर्निर्माण क्षेत्रमा खेलेको भूमिका उल्लेखनीय रहेको भन्दै मन्त्री महराले संस्था र प्रवासी नेपालीको प्रशंसा गर्नुभएको थियो। स्थानीय तहको निर्वाचन सम्पन्न भएको, प्रदेश तथा केन्द्रको निर्वाचन हुन लागेका कारण मुलुक आर्थिक विकासको दिशामा अघि बढेको र लगानीको वातावरण थप सुधार हुने अपेक्षा रहेको उहाँले जानकारी दिनुभयो। “संक्रमणबाट देश निस्कँदै गर्दा प्रवासीहरूको सीप, क्षमता र पुँजीमार्फत विकासको गति अगाडि बढाउन सकिन्छ,” उहाँले भन्नुभयो।

मन्त्री महराले गैरआवासीय नेपालीलाई नेपाली नागरिकता दिने निर्णय भइसकेको र कार्यान्वयनको तयारी भइरहेको जानकारी दिनुभयो। संघले प्रवासी नेपालीलाई नागरिकताको विषयलाई लामो समयदेखि उठाउँदै आएको छ। नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष भवानी राणाले एनआरएनएले मुलुकको आर्थिक, सामाजिक क्षेत्रमा उल्लेखनीय (...क्रमश: पेज ४ मा)

### लाप्राक बस्ती नमुना र गौरवको परियोजना : अध्यक्ष घले

काठमाडौं। गैरआवासीय नेपाली संघ (एनआरएनए)का अध्यक्ष डा. शेष घलेले भूकम्पप्रभावित स्थानीयका लागि गोरखाको लाप्राकमा निर्माणाधीन एकीकृत बस्ती नेपालकै नमुना परियोजना भएको बताउनुभएको छ। एनआरएनएको आठौँ विश्व सम्मेलनअन्तर्गत ‘रिबिल्डिङ नेपाल, पोस्ट अर्थक्वेक’ शीर्षक सत्रमा प्रस्तुति दिँदै अध्यक्ष घलेले एनआरएनएले ६०० घरसहितको उक्त बस्तीलाई नमुना परियोजनाका रूपमा विकास गरिरहेको जानकारी दिनुभयो।

विकट भूगोलका कारण घर निर्माणले सोचेअनुरूप गति लिन नसके पनि निर्माण थालेको नौ महिनामै बस्ती विकासमा भएको प्रगति उत्साहजनक रहेको घलेले बताउनुभयो। २०१६ अप्रिलमा सहरी विकास मन्त्रालय, पुनर्निर्माण प्राधिकरण र एनआरएनएबीचको त्रिपक्षीय समझदारीअनुसार लाप्राक एकीकृत बस्ती परियोजना निर्माण तथा विकासको स्वीकृति एनआरएनएले पाएको थियो। ठेक्का प्रक्रियाका कारण परियोजना थप ढिला हुने भएपछि एनआरएन आफैले संयोजन गरेर परियोजना अघि बढाएको र समयमै परियोजना सम्पन्न हुने घलेले बताउनुभयो।

स्थानीय पहलमा एकीकृत नमुना बस्ती बनाउन सम्भव नभएपछि एनआरएनएले परियोजनामा हात हालेको तर प्रक्रियागत सुस्तताका कारण निर्माणको स्वीकृति लिन समय लागेको उहाँको भनाइ थियो। निजी घर तेस्रो संस्था वा निकायले बनाउन नमिल्ने (...क्रमश: पेज ४ मा)

# एनआरएनको लगानी निजीक्षेत्रका लागि ‘आई ओपनर’



**- विज्ञान अधिकारी**

२०६२ सालमा स्पाइस नेपाल प्रालिमा गैरआवासीय नेपाली संघ (एनआरएनए)का संस्थापक अध्यक्ष डा. उपेन्द्र महतोले रुसको भाइजर ग्रुपसहितको लगानी भित्र्याए। माओवादीको सशस्त्र द्वन्द्व चर्किरहेका बेला विदेशी लगानीसहित गैरआवासीय नेपालीको लगानी दूरसञ्चार क्षेत्रमा भित्रिनु लगानी विस्तारका लागि अर्थपूर्ण थियो। स्वदेशी लगानीकर्तासमेत लगानी गर्न डराइरहेका बेला महतोले जोखिम मोलेरै विदेशी साझेदारसमेत नेपाल ल्याउनु कालान्तरमा नेपालको दूरसञ्चार क्षेत्रको अभूतपूर्व विकासको कोसेढुंगा बन्यो। स्पाइस नेपाल प्रालिले सुरु गरेको दूरसञ्चार सेवाप्रदायक मेरो मोबाइल हुँदै एनसेल रूपान्तरित भएसँगै नेपालको दूरसञ्चार क्षेत्रले गुणात्मक फड्को मारेको छ। आधारभूत टेलिफोनबाट दूरदराजका नेपालीको हातहातमा मोबाइल फोन पुऱ्याउने श्रेय यही कम्पनीलाई जान्छ। त्यतिबेलामा एनआरएनसहितको विदेशी लगानी नभित्रिएको भए दूरसञ्चार क्षेत्रमा नेपालले सम्भवतः यति चाँडै फड्को मार्न सक्ने थिएन। किन पनि भने, यही कम्पनीको उपस्थितिले नै सरकारी स्वामित्वको नेपाल दूरसञ्चार कम्पनीलाई सेवा विस्तारका लागि प्रेरित मात्र गरेन, प्रतिस्पर्धी सेवा उपलब्ध गराउन बाध्य पाऱ्यो। दूरसञ्चार क्षेत्रमा नेपाल र नेपालीको क्षमताभन्दा माथि रहेको लगानी र प्राविधिक सीप एवम् क्षमता भित्र्याउने श्रेयको हकदार एनआरएन नै हुन्। महतोले जोखिम मोलेको त्यही कम्पनी अहिले वार्षिक ६० अर्बको कारोबार र २० अर्ब रुपैयाँभन्दा बढीको नाफासँगै नेपालमा सर्वाधिक मुनाफा कमाउने कम्पनीमा दरिएको छ।

माओवादी सशस्त्र द्वन्द्व उत्कर्षमा रहेको बेला एनआरएनएले सन् २००२ मा नेपालमा पहिलो अन्तर र्ष्ट्रिय सम्मेलन आयोजना गरेर सीप, ज्ञान र पुँजी भित्र्याउने उद्घोष गरेको थियो। बहुराष्ट्रिय कम्पनी ‘ बिजनेस प्याकअप’ गरेर बाहिरिइरहेको तथा स्वदेशी लगानीकर्ता दिउँसोसमेत सहज रूपमा हिँड्न डराउने प्रतिकूल अवस्थामा यो यस्तो महत्त्वपूर्ण घटना थियो, जसले स्वदेशी लगानीकर्तामा आत्मविश्वास मात्रै बढाएन विदेशी लगानीकर्ताको नेपाल हेर्ने दृष्टिकोणमा समेत परिवर्तन ल्यायो। र, मुलुकको जटिल राजनीतिक परि स्थितिमा एनआरएनए अभियान ‘आई ओपनर’ बन्यो।

राजनीतिक स्थिति फेरिएर जनआन्दोलन एवम् माओवादीको शान्ति प्रक्रियामा अवतरणपछि ठूला परियोजनामा लगानी विस्तारको अपेक्षा र आवश्यक दुवै थियो। भर्खरै राजनीतिक परिवर्तन भएको र संक्रमणकालमा गुज्रँदै गरेको मुलुकमा एकैपटक ठूलो विदेशी लगानी भित्रने सम्भावना थिएन, न स्वदेशी लगानीकर्तासँग त्यस्तो क्षमता थियो। लगानीको आवश्यकताका बीच एनआरएनएको विश्व सम्मेलनले घोषणा गऱ्यो- प्रवासी नेपालीको सामूहिक लगानीमा जलविद्युत् परियोजना निर्माण गर्ने। प्रवासी नेपालीको अगुवाइमा सन् २००८ मा २२ मेगावाटको सानीमा माई जलविद्युत् आयोजना निर्माण सुरु भएपछि स्वदेशी लगानीकर्तालाई समेत ठूला परियोजनामा हात हाल्न आत्मविश्वास बढायो। सानिमा माईको सफलताले बैंक (...क्रमश: पेज ४ मा)

# वैदेशिक रोजगार कल्याणकारी कोष प्रभावकारी बनाउन जोड



वैदेशिक रोजगार कल्याणकारी कोषलाई थप प्रभावकारी बनाउनुपर्नेमा सरोकारवालाहरूले जोड दिनुभएको छ। गैरआवासीय नेपाली संघ (एनआरएनए) को आठौं विश्व सम्मेलनअन्तर्गत 'आप्रवासी कामदार काल्याणकारी कोष र यसको प्रभावकारिता' विषयक छलफल सत्रका सहभागीहरूले कोषको क्षेत्र र दायरा विस्तार गर्दै यसलाई कामदारको हितमा भरपुर प्रयोग गर्नुपर्ने सुझाव दिनुभएको हो।

कामदारले मात्रै कल्याणकारी कोषमा रकम जम्मा गर्नुपर्ने अहिलेको व्यवस्थालाई परिवर्तन गरी सो कोषमा निश्चित रकम सरकारले पनि राखिदिने व्यवस्था गर्न आवश्यक रहेको उहाँहरूको भनाइ थियो।

वैदेशिक रोजगार प्रवर्द्धन बोर्डका कार्यकारी निर्देशक रघुराज काफ्लेले कल्याणकारी कोषलाई कामदारमैत्री बनाउन गत साउन १६ गते वैदेशिक रोजगार नियमावली, २०६४ संसोधन गरी वैदेशिक रोजगारीका क्रममा कामदारको मृत्यु वा अंगभंग भएमा बोर्डले दिने राहत रकम वृद्धि गरेर तीन लाखबाट सात लाख रुपैयाँ पुऱ्याएको जानकारी दिनुभयो। कामदारको मृत्यु वा अंगभंग भएमा यसबाहेक बिमा कम्पनीबाट बढीमा २० लाख रुपैयाँसम्म पाउने उहाँले बताउनुभयो। "करार अवधिमा विदेशमा कामदारको मृत्यु भएमा वा अंगभंग भएमा मात्रै राहत रकम दिइने गरेकामा अब करार अवधिभित्र स्वदेशमै मृत्यु वा अंगभंग भएमा समेत राहत पाउने व्यवस्था गरिएको छ," उहाँले भन्नुभयो, "यसैगरी संशोधित नियमावलीमा करार अवधि भन्नाले करार अवधिभित्र वा करार अवधि सकिएको एक वर्षसम्मको अवधिलाई समेटिएको छ।"

विदेशमा विभिन्न कारणले जेल जीवन बिताइरहेका नेपालीहरूलाई निःशुल्क कानुनी सहायता प्रदान गर्न विदेशमा रहेका नेपाली नियोगलाई बोर्डमार्फत रकम दिने व्यवस्था मिलाइएको, करार अवधि सकिएको कामदारका हकमा समेत उसको मृत्यु भएमा बोर्डकै रकममा शव नेपाल ल्याउने नयाँ व्यवस्था गरिएको कार्यकारी निर्देशक काफ्लेले बताउनुभयो। आफूहरूले कामदारको समस्या समाधान गर्न देशविदेशमा विविध कार्य गरिरहेको एनआरएनए वैदेशिक रोजगार आप्रवासी कामदार कल्याणकारी समितिका अध्यक्ष धरम केसीले बताउनुभयो। पछिल्लो नौ महिनाको अवधिमा समितिमा समस्यामा परेका कामदार हरूका १५ ओटा उजुरी परेको र तीमध्ये धेरै समाधान गरिएको उहाँको भनाइ छ।

कामदारले विदेशबाट पठाएको रकम अनुत्पादक क्षेत्रमा खर्च नहोस् भनेर सञ्चयकोषसँगको सहकार्यमा निश्चित रकम कोषमा जम्मा गर्न सक्ने व्यवस्था अन्तिम चरणमा पुगेको उहाँले जानकारी दिनुभयो। अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) नेपालका आवासीय निर्देशक रिचार्ड हवार्डले वैदेशिक रोजगारीमा जाने नेपालीले भनेअनुसारको काम र तलब नपाउने, काम गर्ने कार्यक्षेत्र र बास बस्ने स्थान अव्यवस्थित हुने, महिलामाथि शारीरिक शोषण हुने, कामदारले न्यून तलब पाउनेजस्ता समस्या देखिएको बताउनुभयो। कामदार विदेश जानुअघि नै उनीहरूलाई दिइने अभिमुखीकरण प्रभावकारी बनाउन सकेमा सडक दुर्घटना, भाषालगायत धेरै समस्या समाधान गर्न सकिने उहाँको भनाइ थियो। रोजगारविज्ञ डा. गणेश गुरुङले वैदेशिक रोजगारीबाट एक दिनमा एक अर्ब ६५ करोड रुपैयाँ रेमिट्यान्सका रूपमा नेपाल भित्रिने गरेको तथ्यांक प्रस्तुत गर्दै सोअनुरूप कामदारको हितमा सरकारले कार्यक्रम ल्याउन नसकेको आरोप लगाउनुभयो।

कल्याणकारी कोषमा चार अर्ब रुपैयाँभन्दा बढी रकम भए पनि त्यसलाई पूर्ण रूपमा कामदारको हितमा प्रयोग गर्न नसकिएकाले कोष सञ्चालनसम्बन्धी नियमावली परिवर्तन गरेर भए पनि कामदारमैत्री बनाउनुपर्ने वक्ताहरूको सुझाव थियो।

# राज्यका हरेक क्षेत्रमा महिलाको पहुँच अपरिहार्य

महिलाहरुको अर्थ-सामाजिक विकास सम्पन्न नभएसम्म देशको बहुआयामिक र समावेशी विकास नहुनेमा सरोकारवालाले जोड दिनुभएको छ। गैरआवासीय नेपाली संघ (एनआरएन)को आठौं विश्व सम्मेलनको 'जेन्डर इक्विटी एन्ड विमेन्स इम्पावरमेन्ट : ट्रान्स्फर्मिङ एनआरएन' विषयक सत्रमा महिला बालबालिका तथा समाजकल्याण राज्यमन्त्री मोहमद जाकिर हुसैनले महिला सशक्तीकरणबाटै देश विकास सम्भव हुने बताउनुभएको हो।

"महिलाका मुद्दालाई गाउँस्तरबाट नउठाएसम्म सक्षम एवम् सबल समाज निर्माण गर्न सकिँदैन," उहाँले भन्नुभयो। राज्यका हरेक तह र तप्कामा महिलाको पहुँच एवम् सहभागिता आवश्यक भएको राज्यमन्त्री हुसैनको भनाइ थियो। नेपालले महिला हकअधिकारका विषयलाई लिएर अन्तर्राष्ट्रिय सन्धि-महासन्धिमा हस्ताक्षर गरे पनि नेपाली महिलाले त्यसको प्रतिफल नपाएको प्रति उहाँले चिन्ता व्यक्त गर्नुभयो।

कतिपय महिला सक्षम भएर पनि पहुँच नपुग्दा अवसरबाट वञ्चित हुनुपरेको उहाँको भनाइ छ। कार्यक्रममा यूएन विमेनकी कार्यक्रम अधिकृत रचना भट्टराईले विश्वभरका महिला तथा नेपाली महिलाको अवस्थाबारे चित्रण गर्नुभएको थियो। उहाँले पनि राज्यका हरेक तह र तप्कामा महिला सहभागिता न्यून रहेको बताउनुभयो। "सन् २०३० सम्म राज्यका हरेक तहमा ५० प्रतिशत महिलाको सहभागिता हुनुपर्नेछ," उहाँले भन्नुभयो, "महिलालाई नेतृत्व तहमा ल्याउन आरक्षित सिट होइन, उनीहरूलाई सबल बनाउनेतर्फ पहल जरुरी छ।" राज्यका हरेक कार्यमा महिलाको सहभागिता नरहेसम्म समावेशी र दिगो विकास नहुने उहाँको भनाइ छ। "तीनजना महिला राज्यको उपल्लो तहमा पुग्दैमा त्यसले सबै महिलाको प्रतिनिधित्व गर्दैन," उहाँले भन्नुभयो, "पितृसत्तात्मक सोचले परिलक्षित हाम्रो समाजमा अहिले पनि महिलाका समस्या ज्यूँका त्यूँ छन्।" महिला उद्यमी महासंघकी अध्यक्ष शारदा रिसालले पछिल्लो समय महिलाले उद्यम व्यवसाय गर्न नहुने सोचमा परिवर्तन आएको धारणा राख्नुभयो। सरकारले महिला उद्यमशीलता विकास कोष स्थापना गरेर सेवासुविधा बढाएपछि महिला उद्यमीको संख्या बढ्न थालेको उहाँको भनाइ छ। सरकारले महिला उद्यमीका लागि विभिन्न छुटको व्यवस्था गरेसँगै श्रीमान्को नाममा रहेको उद्यम श्रीमती वा महिला सदस्यको नाममा आएको उहाँले जानकारी दिनुभयो।




नेपालमा अहिले पनि तीन प्रतिशत महिलाले मात्रै व्यवसाय गरिरहेको र उनीहरूलाई व्यापार व्यवसाय गर्न प्रोत्साहन गरे मात्र महिला सशक्तीकरण हुने रिसालको भनाइ छ। "जबसम्म महिला आर्थिक रूपले सम्पन्न हुँदैनन्, तबसम्म उनीहरूमा आत्मबल बढ्दैन," उहाँले भन्नुभयो, "उद्यमबाटै महिला आर्थिक रूपले सबल बन्न सक्छन्।" महिला सक्षम भएमा मात्र समाजको सामाजिक-आर्थिक विकास सम्भव हुने उहाँको भनाइ छ। अवसर पाएमा महिलाले पनि पुरुषभन्दा राम्रो गर्न सक्ने उहाँको धारणा थियो।

संविधानले महिला र पुरुषमा विभेद नगरे पनि आवश्यक कानुन अभावका कारण कार्यान्वयन हुन नसकेको राष्ट्रिय महिला आयोगकी अध्यक्ष भगवती घिमिरेले बताउनुभयो। "नेपालमा कार्यान्वयनको पाटो ज्यादै फितलो छ, त्यसैले भएका कानुनी व्यवस्थाले महिलालाई राहत दिन सकेको छैन," उहाँले भन्नुभयो, "पितृसत्तात्मक र सामन्तवादी सोचका कारण महिलाहरू २१औँ शताब्दीमा पनि पिल्सिनुपरेको हो।"

कार्यक्रममा संघकी महिला संयोजक सपिला राजभण्डारीले देशैपिच्छे महिलाका समस्या फरकफरक रहेको बताउनुभयो। दुई वर्ष 'लबिङ' गर्दा पनि एकल महिलाका सन्तानले नागरिकता पाउने व्यवस्था संविधानमा व्यवस्था हुन नसकेको उहाँको गुनासो थियो। "नेपाल सरकारले हामीलाई ट्राभल डकुमेन्टसमेत दिन मानेन," फिलिपिन्सको उदाहरण दिँदै उहाँले भन्नुभयो, "त्यो देश पनि रेमिट्यान्समा चल्ने हो। त्यहाँका जनतालाई राज्यको साथ छ, तर हामी एक्लै लडिरहेका छौं।" महिलालाई सशक्तीकरण गर्न तथा उनीहरूलाई परेका समस्या समाधान गर्न एनआरएन रहेका विश्वका ७७ देशमध्ये ६५ देशमा महिला फोरम गठन भएको उहाँले जानकारी दिनुभयो।

कार्यक्रममा एनआरएनएकी प्रवक्ता प्रवक्ता रञ्जु वाग्ले थापाले महिलाहरूको सशक्तीकरण एवम् परिवर्तनका लागि घरबाटै अभियान सुरु हुनुपर्नेमा जोड दिनुभयो। "परिवर्तनका लागि सबैभन्दा पहिला प्रत्येक मानिसको मानसिकतामा परिवर्तन आउनुपर्छ," उहाँले भन्नुभयो, "महिलापुरुष तथा छोराछोरीबीच पालनपोषणदेखि हरेक क्रियाकलापमा विभेद गर्नुहुँदैन।" अन्यथा जस्तोसुकै सम्पन्न एवम् बौद्धिक भए पनि परिवर्तन सम्भव नहुने उहाँको भनाइ छ।

# गैरआवासीय नेपाली अभियान



**श्रमिकको पक्षमा काम गर्नुपर्छ**

- धर्मराज गिरी, कुवेत

म १४ वर्षदेखि यूएईमा काम गरिरहेको छु। विदेशमा बसेका नेपालीलाई गोलबन्द गराएर लगानी भित्र्याउने र विदेशी सीप स्वदेशमै प्रयोगमा ध्यान दिने काम गैरआवासीय नेपाली संघले गर्दै आएको छ। नेपाल सरकारले समन्वय गर्न सकेको खण्डमा गैरआवासीय नेपालीको नेतृत्वमा देश समृद्ध बन्न सक्छ। मध्यपूर्वी एसियाका खाडी मुलुकमा वैदेशिक रोजगारीका लागि जाने कामदारको हित रक्षा संघको प्राथमिकता हुनुपर्छ।

**पूर्वाधार थप लगानी गर्नुपर्छ**

- पूर्ण चलाउने, जापान



विदेशमा भएका नेपालीलाई समन्वय गर्ने, स्वदेशमा लगानी भित्र्याउने र रोजगारी सिर्जना गर्ने काममा एनआरएनले महत्त्वपूर्ण भूमिका खेल्न सक्छन्। एनआरएनएले भूकम्प र बाढीपीडितको राहत, सहयोग एवम् उद्धारका लागि उदाहरणीय काम गरेको छ। गोरखाको लाप्राकलगायत भूकम्पप्रभावित क्षेत्रमा संघ र प्रवासी नेपालीको सहयोगमा बस्ती निर्माण भइरहेको छ। आगामी दिनमा ठूला पूर्वाधार निर्माण र उद्योग क्षेत्रमा लगानी बढाउन आवश्यक छ। वैदेशिक रोजगारमा गएका युवा स्वदेश फर्काउन र खानेपानी, स्वास्थ्य, बाटोघाटो आदिमा एनआरएनएले लगानी बढाउन आवश्यक छ।

**वैदेशिक रोजगारी कोष चाहिन्छ**


- सुभद्राकुमारी लिम्ब्र, मलेसिया



संस्था स्थापनाको उद्देश्यअनुसारको काम गर्न एनआरएनए सबल भएर लागिपरेको छ। प्रवासी नेपालीले देशको हितमा परोपकार तथा लगानी गर्ने संस्थाको प्रमुख उद्देश्य हो। वैदेशिक रोजगारीका क्रममा समस्यामा परेकाको उपचारदेखि देश फर्काउन सहयोगसम्मका एनआरएनले गरेको सहयोग सराहनीय छ। जेलमा बसेका नेपालीलाई छुटाएर स्वदेश पठाउने काममा पनि संस्थाले सहयोग गरेको छ। अब, संस्थाले वैदेशिक रोजगारीमा गएका युवाको राहतका लागि सुनिश्चित कोष स्थापना गर्नुपर्छ। एनआरएनए वैदेशिक रोजगारीमा गएका युवाहरूको पनि अभिभावक संस्था बन्न सक्नुपर्छ।

**मातृभूमिमै लगानी गरौं**


- राजनदेवी गौतम, जर्मनी



विदेशमा बसेका सबै नेपालीको समृद्ध नेपाल भएको देख्ने चाहना छ। विदेशमा प्रवासी नेपालीले आर्थिक प्रगति गरे पनि देश समृद्ध नभई व्यक्तिगत प्रगतिको अर्थ हुँदैन। संस्थाको उद्देश्य र प्रमुख प्राथमिकता देशलाई समृद्ध बनाउनेतर्फ हुनुपर्छ। र, उद्देश्य प्राप्तिका लागि सँगसँगै हातेमालो गरेर जानुपर्छ। नयाँ नेतृत्वले देशको आर्थिक विकासका लागि आह्वान गर्नुपर्छ। सबै प्रवासी नेपालीले मातृभूमिमै लगानी विस्तार गर्नुपर्छ।

**नेपालको अर्थतन्त्र उकास्न पहल गर्नुपर्छ**

- गणेश प्रसाईं, आयरल्यान्ड



विदेशमा बसेका ४० लाख नेपालीमार्फत ज्ञान, सीप र पुँजी स्वदेशमा भित्र्याएर देश विकासमा सघाउने उद्देश्यमा संस्था प्रतिबद्ध बन्नुपर्छ। जन्मभूमिमा लगानी विस्तार गरेर अर्थतन्त्र सबल तथा परोपकारी काममा सहयोग गर्न सकिए एनआरएनको महत्त्व र गरिमा अझ बढ्छ। देशमा लगानीको वातावरण बने धेरै प्रवासी नेपाली स्वदेश फर्कन्छन्। संघले नेपालको अर्थतन्त्र उकास्नका लागि लगानी पहल गर्न आवश्यक छ।

**वैदेशिक रोजगारीको समस्या समाधान गर्नुपर्छ**

- रामेश्वर शाह, युएई

विश्वभर छरिएका नेपालीलाई एकीकृत एवम् गोलबन्द गर्नका लागि एनआरएनए स्थापना भएको हो। विगत १४ वर्षमा संस्थाले नेपालमा पुऱ्याएको योगदान सराहनीय छ। संघलाई थप बलियो र प्रभावकारी बनाउन नयाँ नेतृत्व थप क्रियाशील हुन आवश्यक छ। संस्थाको नाममा भएका अवाञ्छित गतिविधि र राजनीतीकरणलाई रोक्नुपर्छ।

# दिगो विकासमा डायस्पोराको भूमिका महत्त्वपूर्ण

काठमाडौं । देशको आर्थिक विकासका लागि प्रवासी नेपाली (डायस्पोरा)को पुँजी आवश्यक भएको आर्थिक क्षेत्रका विज्ञहरूले बताउनुभएको छ । गैरआवासीय नेपाली संघ (एनआरएनए)को आठौं अन्तर्राष्ट्रिय सम्मेलनका अवसरमा विज्ञहरूले नेपालले डायस्पोराको ज्ञान, पुँजी र प्रविधिको प्रयोगमार्फत समृद्धिको यात्रा अघि बढाउन सकिने बताउनुभएको हो ।

शनिबार सम्मेलन उद्घाटनपछिको 'नेपाल भिजन २०३० र एनआरएनएको भूमिका' विषयक विशेष सत्रमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. स्वार्णिम वाग्लेले संक्रमणपछि सामान्य कालमा फर्किंदै गरेका देशहरूमा डायस्पोराको लगानी महत्त्वपूर्ण हुने बताउनुभयो । नेपालले मौलिक योजनासहित विश्वव्यापी रूपमा स्वीकृत दिगो विकासका लक्ष्यलाई आधार बनाएर 'भिजन-२०३० 'को दीर्घकालीन योजना बनाइरहेको उहाँले जानकारी दिनुभयो । "दुई सय ३० भन्दा बढी सूचकांक र १७ ओटा लक्ष्यसहितको विश्वव्यापी एजेन्डालाई नेपालको मौलिक योजनासँग जोडेर विकासको यात्रा तय गर्न लागिएको छ," वाग्लेले भन्नुभयो, "चुनौती र अवसर दुवै भएकाले लक्ष्य हासिल गर्न प्रवासी नेपालीसहित सबैको साथ आवश्यक हुन्छ ।"

भिजन २०३० ले नेपाललाई सन् २०३० सम्ममा मध्यआय भएको मुलुकका रूपमा स्तरोन्नति गर्ने लक्ष्य राखेको छ । एक हजार एक सयदेखि १२ हजार डलरसम्म प्रतिव्यक्ति आय भएको देशलाई मध्य आय भएको देश मानिन्छ । नेपालले झन्डै आठ सय डलरको प्रतिव्यक्ति आयलाई दुई दशकभित्र दुई हजार पाँच सय डलरसम्म पुऱ्याउन सक्ने डा. वाग्लेको धारणा थियो । समावेशी र दिगो विकासको लक्ष्यलाई ध्यानमा राखेर योजना आयोगले विकासको दीर्घकालीन योजना अघि बढाएको वाग्लेले बताउनुभयो ।

नेपालको विकासको सम्भावनाका योजनाबद्ध खाका प्रस्तुत गर्नुभएका डा. वाग्लेले देशको समृद्धिका लागि संरचनात्मक परिवर्तनको आवश्यकतामा जोड दिनुभएको थियो । "पुरानो संरचना तथा नीतिगत व्यवस्थाको 'रिफर्म' नगरी विकास सम्भव छैन," डा. वाग्लेले भन्नुभयो । निराशाजनक औद्योगिक अवस्थाको सुधारका लागि पनि नीतिगत परिवर्तन आवश्यक रहेको वाग्लेको धारणा थियो । नेपाली समाजले कृषिलाई छोड्दै गएको तर औद्योगिक र सेवा उत्पादन हुन नसकेका कारण अर्थतन्त्रमा जटिल एवम् गम्भीर समस्या आएको उहाँको भनाइ थियो । बसाइँ सराइको समस्या, भौतिक संरचना, कनेक्टिभिटी र शासकीय व्यवस्थामा आएको आमूल परिवर्तनलगायतका क्षेत्रलाई ध्यान दिएर योजना निर्माण गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । कार्यक्रममा अर्थराज्यमन्त्री उदयशमशेर



राणाले आर्थिक वृद्धिका लागि लगानी पहिलो सर्त हुने बताउनुभयो । स्वदेशी लगानीलाई प्रोत्साहन गरेर विदेशी लगानी भित्र्याउन सकिने उहाँको भनाइ थियो । "स्वदेशी लगानीकर्ता आश्वस्त भए मात्रै विदेशी लगानी भित्रिन्छ," राणाले भन्नुभयो । दान वा सहयोगभन्दा लगानी महत्त्वपूर्ण भएको भन्दै यसका लागि उपयुक्त वातावरण बनाउनुपर्नेमा राज्यमन्त्री राणाको जोड थियो ।

कार्यक्रममा संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमका आवासीय प्रतिनिधि रेनउड मेयरले राज्यले नीति तर्जुमा गर्दा दिगो विकास जोड पर्ने बताउनु भयो । सन् २०३० सम्मका लागि प्रस्तावित विश्वव्यापी दिगो विकासको लक्ष्य हासिल गर्न नेपालले विशेष ध्यान दिनुपर्ने उहाँको भनाइ थियो । मेयरले कुल गार्हस्थ्य उत्पादनजस्ता प्राविधिक हिसाबले लक्ष्य पूरा गर्नभन्दा अर्थपूर्ण तरिकाबाट समावेशी दिगो विकास हुनुपर्नेमा जोड दिनुभयो । "दिगो विकासको लक्ष्य हासिल गर्न गैरआवासीय नेपाली संघले अझ प्रभावकारी रूपमा काम गर्नुपर्छ," उहाँले भन्नुभयो ।

संघका अध्यक्ष शेष घलेले दिगो विकासका लक्ष्य प्राप्तिका लागि संघले काम गर्ने बताउनुभयो । उहाँले लाप्राक बस्ती पुनर्निर्माण, बाढीपहिरोपीडितलाई सहयोग, महिला सशक्तीकरणलगायत धेरै परियोजनामा संघको योगदान बारे जानकारी दिनुभएको थियो । सन् २०३० मा पूरा गर्नुपर्ने दिगो विकासको लक्ष्य हासिल गर्न सरकारसँग सहकार्य गरेर अगाडि बढ्न संघ तयार रहेको घलेले बताउनुभयो । उहाँले देशका नौ जिल्लामा संघको ३० अर्ब रुपैयाँभन्दा बढी लगानी भइसकेको र यसलाई ७५ जिल्लामै विस्तार गरिने बताउनुभयो ।

गैरआवासीय नेपालीका दोस्रो तथा तेस्रो पुस्ता आफैं नेपालसँग आबद्ध हुन नसक्ने तर्फ चिन्ता व्यक्त गर्दै घलेले उनीहरूलाई मुलुकसँग जोड्न सरोकारवालाको ध्यान जानुपर्ने विचार व्यक्त गर्नु भयो । नेपालमा गैरआवासीय नेपालीले गर्ने लगानीको 'प्रोटोकल' अझै स्पष्ट नभएकोप्रति घलेले टिप्पणी गर्दै भन्नुभयो, "प्रवासी नेपालीमार्फत आएका लगानी विदेशी लगानी (एफडीआई)को तरिकाबाट आइरहेको छ । एनआरएन ऐनको परिकल्पनाअनुसार आउन सकेको छैन ।" उहाँले नेपालको सहरदेखि ग्रामीण क्षेत्रसम्मको विकासका लागि कनेक्टिभिटीलाई अभियानकै रूपमा अगाडि बढाएर काम गर्नुपर्ने धारणा राख्नुभयो ।

योजना आयोगका पूर्वउपाध्यक्ष डा. युवराज खतिवडाले एक दशकभित्रै गैरअवासीय नेपाली संघले व्यापकता पाएको र देशको आर्थिक विकासमा विदेशमा बस्ने नेपालीको महत्त्वपूर्ण भूमिका हुने बताउनुभयो । नेपालले सन् २०३० सम्ममा पूरा गर्नुपर्ने विश्वव्यापी रूपमा स्वीकृत दिगो विकासका लक्ष्यहरू हासिल गर्ने अभियानमा प्रवासी नेपालीको भूमिका महत्वपूर्ण हुने तर्फ डा. खतिवडाको जोड थियो । खतिवडाले सन् २०३० सम्ममा निरपेक्ष गरिबी पाँच प्रतिशतमा झार्ने, बेरोजगारको संख्यालाई दुई प्रतिशतमा झार्ने, बहुआयामिक गरिबी १० प्रतिशतमा झार्ने, साक्षरता दर ९५ प्रतिशत पुऱ्याउने, आधुनिक सञ्चार प्रणाली ९५ प्रतिशतमा पुऱ्याउने, शुद्ध खानेपानी ९९ प्रतिशत पुऱ्याउने, आधुनिक ऊर्जा ९९ प्रतिशतको पहुँचमा पुऱ्याउने लक्ष्य प्राप्तिका लागि योजनाबद्ध ढंगमा अघि बढ्नुपर्ने बताउनुभयो । "यी सबै लक्ष्य हासिल गर्न र मुलुकमा रहेको लगानीको आवश्यकता पूर्ति गर्न गैरआवासीय नेपालीको साथ एवम् सद्भाव महत्वपूर्ण हुन्छ," डा. खतिवडाले भन्नुभयो ।

## एनआरएनएद्वारा खेलाडीलाई सम्मान



काठमाडौं । गैरआवासीय नेपाली संघ (एनआरएनए) को आठौं विश्व सम्मेलनका अवसरमा अन्तरदेशीय फुटसल प्रतियोगिताका विजयी टोलीलाई पदक तथा सम्मान प्रदान गरिएको छ । एनआरएनका अध्यक्ष शेष घले, खेलकुद विभाग संयोजक नारायण गुरुङलगायतले शनिबार विजयी खेलाडीहरूलाई पदक तथा विजयी टिमलाई ट्रफी प्रदान गर्नुभएको थियो । एनआरएन खेलकुद विभागले विभिन्न देशमा बस्दै आएका प्रवासी नेपालीबीच आयोजना गरेको फुटसल प्रतियोगितामा बेल्जियम प्रथम, जर्मनी दोस्रो तथा पोर्चुगल तेस्रो भएको थियो ।

कार्यक्रममा विभिन्न विधामा योगदान पुऱ्याउने गैरआवासीय नेपाली खेलाडीलाई समेत सम्मान गरिएको थियो । सम्मानित हुने खेलाडीमा नामसिंह थापा, भीम थापा, रामप्रसाद गुरुङ, यादव कुँवर, विना खड्का, गौरिका सिंह, सन्देश गुरुङ, तुलसी गुरुङ हुनुहुन्छ । यसैगरी, संघले खेल पत्रकारितामार्फत योगदान पुऱ्याउने गोपाल बस्नेत, श्याम चित्रकार, मुकुन्द दाहाल, राजु सिलवाल, निरञ्जन राजवंशी र क्षितिज अरुण श्रेष्ठलाई सम्मान गरेको छ । संघले खेलकुद क्षेत्रमा योगदान पुऱ्याएका व्यक्तिहरूलाई सम्मान गर्ने कार्यलाई आगामी वर्ष पनि निरन्तरता दिने जानकारी दिएको छ ।

# को डेढ दशक र अबको यात्रा



एकढिक्का भएर काम गर्न सके मात्र संस्थाको उद्देश्य पूर्ति हुन सक्छ । वैदेशिक रोजगारीमा जाने युवाको समस्या समाधानतर्फ पनि संस्थाको पहल चाहिन्छ ।

**थप उचाइमा लैजानुपर्छ**

- रतन झा, अमेरिका

विश्वभरि छरिएका नेपालीहरूको ज्ञान, सीप, पुँजीलाई एकीकृत देश विकासको अभियानमा सहभागी हुन गैरआवासीय नेपाली संघ गठन भएको थियो । अहिले यसको सञ्जाल विश्वभरि फैलिइसकेको छ । विगतका सबै नेतृत्वले विश्वभरिका नेपालीलाई जोड्न र संस्थालाई गतिशील बनाउन भूमिका खेल्नुभएको छ । देश विकासमा संघको अपार सम्भावना छ यसलाई नयाँ नेतृत्वले थप उचाइमा पुऱ्याउनुपर्छ । २००३ मा नेपालीद्वारा नेपालीका भनी सुरु गरिएको एनआरएन अभियान आफ्नो उद्देश्यबाट पर पुगेको छैन । संस्थाको आन्तरिक रिफर्मको अभियान 'भिजन ट्वान्टी-ट्वान्टी' सार्थक बनाउन पनि सबैको उत्तिकै महत्त्वपूर्ण भूमिका हुन्छ ।



**नयाँ नेतृत्वले दोहोरो नागरिकता कायम गर्न सकोस्**

- धनसरी राई, बेलायत

विदेशमा रहेका नेपाली स्वदेशको हितमा एकताबद्ध हुने उद्देश्यले गैरआवासीय नेपाली संघको आबद्धता भएको हो । संघको नयाँ नेतृत्व चयन हुन लागेको सन्दर्भमा महिला अधिकारका क्षेत्रमा पनि संस्थाले काम गर्नुपर्छ । संसारभरि बसेर नेपाललाई सहयोग गरिरहे पनि नेपाल सरकारले प्रवासी नेपालीलाई धेरै कुरामा असहयोग गरिरहेको छ । एकपटकको नेपाली सधैंको नेपाली भइरहन दिने वातावरण सरकारले तयार गर्नुपर्छ । देशलाई माया गरेर जन्मथलोमा आउँदा पनि भिसा प्रक्रिया पूरा गरेर आउनुपर्ने बाध्यता छ । त्यसैले हामी नागरिकता निरन्तरताको काम गर्दै छौं । नेपालको विकास, सबल अर्थतन्त्र र रेमिट्यान्सको क्षेत्रमा एनआरएनले योगदान गर्नुपर्छ । हामी विदेशमै रहे पनि मनचाहिँ नेपालमै छ ।



**खाडीमा काम गर्नेको समस्या समाधान गर्नुपर्छ**

- डेगबहादुर भारती (सुमन), कतार


म पहिलोपटक भोट हाल्न नेपाल आएको हुँ । निर्वाचनमै पनि लाइन बस्नुपर्नेलगायत समस्या झेल्नुपर्ने रहेछ । यसतर्फ एनआरएनए नेतृत्वको ध्यान जाओस् । मैले कतारमा ११ वर्षदेखि ड्राइभिङ पेसामा आबद्ध भएर काम गर्दै आएको छु । एनआरएन भन्दाबित्तिकै धनाढ्य नै भन्ने बुझ्ने गरिन्छ । तर हामीजस्ता रोजगारीको सिलसिलामा विदेश पुगेका पनि संघको सदस्य भएका छौं । हामीजस्ता कामदारका लागि पनि संघले प्रोत्साहनमूलक काम गर्नुपर्छ । कतारलगायत खाडीमा बस्नेहरूको समस्या बुझी तिनीहरूका समस्या समाधानमा नयाँ नेतृत्वले पहल गर्नुपर्छ ।



**संघले सबै नेपालीलाई जोडेको छ**

- कृष्ण पोखरेल, अमेरिका

अमेरिकामा मैले एनआरएनएको जनरल सेक्रेटरी भएर काम गरें । त्यसपछि वरिष्ठ उपाध्यक्षमा निर्वाचित पनि भएँ । एनआरएनएले बाहिर गएका नेपालीलाई आफ्नो मुलुकसँग 'कनेक्ट' गरिराख्न प्रभावकारी भूमिका निर्वाह गरेको छ । भौतिक रूपमा बाहिर भए पनि हाम्रो मन नेपालमै हुन्छ । हामी एकअर्काबीच भाइचाराको सम्बन्ध स्थापित गर्न सक्छौं भनेर लागिपरेका छौं । नेपालीको तह अपग्रेड गर्न सकिन्छ भनेर अभियान र उद्देश्य राखेर संघ स्थापित भयो । सोहीअनुसार हामीले काम अघि बढाएका छौँ । हामीले राखेका सबै उद्देश्य पूरा भइसकेका त छैनन् । तर म त्यति निराश छैन । जातीय एकताका पक्षबाट, तराई, पहाड हिमाल सबै क्षेत्रलाई समेट्न सक्ने तथा राजनीतिक प्रभावमा नरहीकन विशुद्ध सामाजिक संस्थाका रूपमा अघि बढाउन अभियान जारी छ ।



# 8th NRNA Global Conference begins in Kathmandu

KATHMANDU: The 8th NRN Global Conference and NRNA (Non-Resident Nepali Association) International General Assembly kicked off in Kathmandu on Saturday. The jamboree will elect new leadership for two years.

Addressing the inauguration ceremony, President Bidhya Devi Bhandari praised the Nepali Diaspora for showing love and affection towards the motherland. She added that the Diaspora has played a role of goodwill ambassador and vanguard of nationalism. "Nepalese living abroad have a huge role and responsibility towards this nation," Bhandari said urging the participants to tap areas like tourism, information and communication, education and health among others having immense potentiality.

NRNA President Dr Shesh Ghale informed that the main goal of the association is to bring knowledge, skill and capital earned in the foreign soil to Nepal for broadening ways towards achieving prosperity. "Investment of non-resident Nepali has improved investment climate and encouraged many in Nepal," Ghale stated.

In a separate context, the NRNA President recalled support extended by Nepalese living in the foreign soil during catastrophic 2015 Gorkha Earthquake, trade embargo and floods in the country's southern plains. According to Ghale, the NRNA is developing integrated permanent settlement having 612 homes in Larpak, Gorkha.

Deputy Prime Minister and Minister for Foreign Affairs Krishna Bahadur Mahara said that the country has high hopes from the non-resident Nepali. Stating that the country is in the verge of conducting provincial and federal polls, Mahara informed that the nation is heading towards the way of achieving economic development through the creation of better business climate.

Likewise, Federation of Nepalese Chambers of Commerce and Industry President Bhawani Rana said that the NRNA has played significant role in the socio-economic development and transformation of Nepal and that it should continue doing so in the days to come. NRNA Founding President Dr Upendra Mahato said that success of an individual doesn't count until and unless the country succeeds to embark development journey and that this was the reason behind the formation of the association that has united Nepalese residing across the globe. "The priority, hence, shouldn't be on who is to lead the association next? One should prioritize on ensuring peace and prosperity in the country," Mahato asserted.

Chief patron of NRNA Jiba Lamichhane informed that the quest of mobilizing resources from the non-resident Nepali will continue in the days to come while other former President Dev Man Hirachan expressed happiness over the increment of NRNA members year by year.

Likewise, addressing a session – Rebuilding Nepal Post Earthquake – the NRNA head-honcho Ghale stated that the integrated settlement being developed in earthquake epicenter Gorkha will be a 'model' for the entire nation. The NRNA had acquired permission from the government to develop integrated settlement in Larpak, Gorkha in April 2016. As of now, seven homes under the project are nearing completion. Ground work of over 300 home has been finished, while base work of remaining 200 homes has begun. The NRNA, so far, has injected Rs150 million in the project. Similarly, National Planning Commission Vice Chairman Swarnim Wagle addressing the session entitled – Nepal Vision 2030 and NRNA's Role – said that the country will achieve 'Vision 2030' by preparing native and periodic plan and adopting Sustainable Development Goals (SDGs) as its base. Wagle further said that the investment from the Diaspora is needed to shape the country that has started journey towards ending the cycle of prolonged instability. Likewise, Finance State Minister Udaya Shumsher Rana stressed on the need of developing industries. Identifying investment as the pre-requisite for the country's economic development, Rana opined that the nation should first focus on encouraging domestic investment and then seek foreign investment.

United Nations Development Programme (UNDP) – Nepal Country Director Renaud Meyer stressed on the need of emphasizing on sustainable development. "The SDG, launched with a motive of global development, should be adopted while preparing development plan," Meyer said.

Addressing the session – Migrant Workers' Welfare and its Effective Implementation – experts stressed on the need of making Foreign Employment Welfare Fund effective. Experts were of view that the current provision of employee contributing solely on such welfare fund should be changed and that the government too should contribute to it.Foreign Employment Expert Dr Ganesh Gurung stating that the country receives remittance worth Rs1.65 billion each day criticized the government for being unable to work for the betterment of migrant workers. Likewise, during the session – Gender Equity and Women's Empowerment: Transforming NRNA – panelists opined that it is not possible to develop the country until and unless the economic status of women is uplifted. State Minister for Women, Children and Social Welfare Mohammad Zakir Hussin, National Women Commission Acting Chairperson Bhagwati Ghimire, National Coordination Council Coordinator Sapila Rajbhandari and Ranju Wagle Thapa, spokesperson of NRNA International Coordination Council (ICC) informed that issues like limited access, low representation of women in the bureaucracy and politics, apathy of the government in promotion of women in several forefronts and unavailability of legal premises in line with the constitution were to be blamed for the poor state of women.

"There should be 50 percent representation of women in all the state mechanism by 2030," Rachana Bhattarai, officer at UN Women Programme said adding that there is a need of enhancing capability rather than increasing reservation criteria for uplifting the status of women. Federation of Women Entrepreneurs' Association Nepal President Sharada Rijal informed that there has been change in the perception towards women engaged in entrepreneurship off late. According to her, the government initiative of introducing Women Entrepreneurship Development Fund and increment of facilities has helped increasing the number of female entrepreneurs in the country. The association has projected that Nepal, at current, has just three percent women involved in entrepreneurship. "It is important for women to be financially sound for increasing self-esteem," Rijal said adding that the women in the nation have potent to perform better than that of men.

## Social Media

**Jiba Lamichhane**



आजदेखि गैरआवासीय नेपाली सङ्घको आठौं विश्व सम्मेलन तथा अन्तर्राष्ट्रिय महाधिवेशन प्रारम्भ। सम्मेलनमा भाग लिन विश्वभरिबाट आउनुभएका सम्पूर्ण प्रतिनिधि साथीहरूलाई हार्दिक स्वागत गर्दै यस सम्मेलनको पूर्ण सफलताको कामना गर्दछु।

**Raju Paneru**



राष्ट्रपति विद्यादेवी भण्डारीको विशेष आतिथ्यमा आजबाट काठमाडौंमा सुरु हुन गइरहेको NRNA आठौं अन्तर्राष्ट्रिय महाधिवेशन तथा विश्व सम्मेलन भव्यताका साथ सफलताको शुभकामना व्यक्त गर्दछु। सरकारको समेत विशेष चासो र आशा रहेको यस गरिमामय संस्थालाई गुट र उपगुटमा विभाजित गर्ने चेष्टा कोही कसैबाट नगरियोस्।

**Thaneshwar Kandel**



NRNA is not a political and ethnic organization so save this social organization from being pollute.

**प्रकाशमान सिंह @PMSinghNC**



विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा गैरआवासीय नेपाली दिवसको शुभकामना। मातृभूमिको सेवा गर्ने प्रेरणा मिलिरहोस्।

## विदेशको ज्ञान, सीप...

भूमिका खेलेको र आगामी दिनमा पनि युवालाई उत्पादनशील क्षेत्रमा लैजान महासंघसँग मिलेर काम गर्नुपर्ने बताउनुभयो। "देशमा १९ देखि ३९ वर्षका युवा ४० दशमलव २ प्रतिशत छन्, तिनीलाई उत्पादनशील क्षेत्रमा प्रयोग गर्न महासंघ र गैरआवासीय नेपालीबीच सहकार्य आवश्यक छ," उहाँले भन्नुभयो। गैरआवासीय नेपालीलाई लगानी गर्न लगानीमैत्री नीति र योजना अघि सार्न सके मुलुकभित्र लगानी बढ्ने राणाको धारणा थियो।

**संघको अभियान फुट्दैन : उपेन्द्र महतो**

संघका संस्थापक अध्यक्ष डा. उपेन्द्र महतोले देश समृद्ध नभएसम्म व्यक्ति सम्पन्न हुनुको अर्थ नहुने भएकाले देशलाई समृद्ध बनाउने उद्देश्यका साथ एनआरएनए गठन भएको उल्लेख गर्नुभयो। "एनआरएनको नेतृत्वमा कसलाई लैजाने भन्ने प्रमुख विषय होइन, देश कसरी सुन्दर, शान्त र समृद्ध बनाउन सकिन्छ भन्ने संस्थाको मुख्य प्राथमिकता हो," उहाँले भन्नुभयो। उहाँले श्रम गर्न सक्ने उमेरका युवाको वैदेशिक रोजगारीको आकर्षण र धान, चामललगायत कृषिजन्य उपजको समेत ठूलो मात्राको आयातले देशको स्रोत उपयोग र विकास प्राथमिकताको असफलता झल्काउने बताउनुभयो। संघलाई फुटाउन खोज्ने तथा संघभित्र राजनीतीकरण गर्ने हल्ला सुनेकोप्रति चिन्ता जनाउँदै महतोले भन्नुभयो, "संघको अभियानलाई कसैले फुटाउन सक्दैन, राजनीति घुसाउन सक्दैन।" दुई वर्षका लागि नयाँ नेतृत्व चयन गर्ने सम्मेलनमा नेतृत्वका लागि रस्साकस्सी बढेको छ। अध्यक्षमा भवन भट्ट र जुमना गुरुङले उम्मेदवारी घोषणा गर्नुभएको छ। नयाँ नेतृत्वका लागि निर्वाचन हुनु स्वाभाविक भए पनि अस्वस्थ प्रतिस्पर्धा उचित नभएको महतोले बताउनुभयो। "एनआरएनएको उद्देश्य नेपाललाई समृद्ध बनाउने हो, कसैलाई नेतृत्वमा पुर्‍याउने होइन," उहाँले भन्नुभयो, "त्यसैले, निर्वाचनपछि एकता कायम गरेर मुलुक बनाउने अभियानमा लाग्नुपर्छ।"

**लगानी बढाउन पूर्वअध्यक्षहरूको आग्रह**

संघका पूर्वअध्यक्ष जीवा लामिछानेले विश्वभर फैलिएका नेपाली नागरिकको स्नेह र मातृभूमिप्रतिको दायित्वले संघ बलियो भएको बताउनुभयो। उहाँले गैरआवासीय नेपालीले गच्छेअनुसारको धेरैथोरै पुँजी राष्ट्र निर्माणमा लगाउन निरन्तर प्रयास भइरहेको जानकारी दिनुभयो। "हाम्रा सानाठूला प्रयासले विदेशी लगानी भित्र्याउन प्रोत्साहन गर्छ," उहाँले भन्नुभयो। संघभित्र सबैले एकता र लोकतान्त्रिक पद्धति देखाउन सकेमात्रै संगठनको गरिमा बढ्ने उहाँले बताउनुभयो।

त्यस्तै पूर्वअध्यक्ष देवमान हिराचनले विदेशमा नेपालीले आर्जन गरेको ज्ञान, सीप, पुँजी स्वदेशमा लगानी गर्नुपर्ने बताउनुभयो। उहाँले संघमा बर्सेनि सदस्य संख्या बढिरहेको जानकारी दिनुभयो। "स्वदेश तथा विदेशमा सरकारी तथा गैरसरकारी गतिविधिमा सहभागी भई संघले उच्च गरिमा कायम गरेको छ," उहाँले भन्नुभयो, "यसलाई निरन्तरता दिनुपर्छ।" हिराचनले देशलाई अप्ठ्यारो परेका बेला विश्वभर रहेका नेपालीलाई संघले एकीकृत बनाएर देश विकासमा सहयोग गर्न सकेको धारणा राख्नुभयो।

## लाप्राक बस्ती नमुना...

पुनर्निर्माण प्राधिकरणको प्रावधान हटाएर सरकारले एनआरएनएलाई लाप्राकको बस्ती निर्माणको स्वीकृति दिएको थियो। परियोजना निर्माणका लागि पानीको अभाव भएपछि लिफ्टिङ प्रविधिमार्फत एक किलोमिटर टाढाको पानी तानेर परियोजना निर्माण अघि बढिरहेको अध्यक्ष घलेले जानकारी दिनुभयो।

उहाँका अनुसार परियोजनाअन्तर्गत हालसम्म सात घरमा छाना हालिएको, तीन सय घरको छानामुनिको काम र दुई सय घरको जग खन्ने काम भइरहेको छ। परियोजनाका लागि दुई सय घरलाई पुग्ने इँटाको उत्पादन भइसकेको घलेले बताउनुभयो। नयाँ प्रविधिको इँटा बनाउन अध्यक्ष घलेले चीनबाट मेसिन ल्याइएको तर माटोको मात्रै इँटा बनाउन प्रयोग हुने उक्त मेसिनमा बालुवा र सिमेन्टसमेत प्रयोग हुँदा बिग्रिएको जानकारी दिनुभयो। हाल हाते मेसिनमार्फत दैनिक करिब चार सयका दरले इँटा उत्पादन गरिएको र यसरी दुई सय घरलाई पुग्ने इँटा उत्पादन भइरहेको छ। परियोजनामा २४ देशका स्वयम् सेवक इन्जिनियर र नागरिक एवम् नेपाली सेनाका १ सय २० जवानले श्रमदान गर्दै




आएका छन्। आयोजनामा हालसम्म १५ करोड रुपैयाँ खर्च भइसकेको छ। परियोजनामार्फत एनआरएनएले बस्ती निर्माणमा नयाँ ज्ञान र प्रविधि पत्ता लगाउने काम गरेको घलेले बताउनुभयो। परियोजनाका लागि उत्पादित इँटा सामान्यभन्दा करिब २ दशमलव ५ गुणा ठूलो रहेको र दसौं गुणा बलियो रहेको उहाँको भनाइ थियो। "एनआरएनलाई परोपकारी संस्थाका सँगसँगै भौतिक पूर्वाधार निर्माणकर्ताका रुपमा चिनाउन प्रयत्न गरिरहेका छौं," उहाँले भन्नुभयो। लाप्राक बस्तीसँगसँगै संघले आफ्नो प्रधान कार्यालय तथा शंखमूल पार्क निर्माणमार्फत सफल निर्माण अभियन्ता बन्ने प्रयत्न गरेको घलेले बताउनुभयो। लाप्राकको अनुभवबाट सिकेर अर्को परियोजना निर्माणका लागि संघले पुनर्निर्माण प्राधिकरणसँग प्रस्ताव गरे पनि सरकारले असहयोग गरेको घलेको भनाइ थियो। "पूर्वाधार तथा भौतिक संरचनाको विकास गर्ने प्रस्तावमा समेत सरकारी सहयोग नपाउनु दुःखद हो," उहाँले भन्नुभयो।

## एनआरएनको लगानी...

तथा वित्तीय संस्थालाई पनि जलविद्युत्मा लगानी विस्तार गर्न तयार पार्‍यो। यो यस्तो सफल नमुना आयोजना बन्यो, जसले विभिन्न मुलुकमा छरिएका नेपालीले स्वतस्फूर्त समूह बनाई जलविद्युत् आयोजनाहरू निर्माण सुरु गर्न प्रेरित गर्‍यो र यस्ता आयोजना अहिले निर्माणाधीन छन्।

एनआरएनएका पूर्वअध्यक्ष जीवा लामिछाने मुख्य प्रवर्द्धक रहेको सानिमा बैंकको स्थापना अर्को उल्लेखनीय लगानी थियो। यसअघि नै बैंक तथा वित्तीय संस्थामा गैरआवासीय नेपालीको लगानी भए पनि प्रवासी नेपाली नै मुख्य प्रवर्द्धक भएर स्थापना भएको पहिलो बैंक सानिमाले बैंकिङ क्षेत्रमा फरक र सफल पहिचान बनाइसकेको छ। सानिमाबाहेक माछापुच्छ्रे बैंक, बेस्ट फाइनान्सलगायत धेरै बैंक तथा वित्तीय संस्थामा अहिले प्रवासी नेपाली नै मुख्य प्रवर्द्धक छन्। पाँच वर्षअघि एनआरएनए अध्यक्ष शेष घलेले कान्तिपथमा सेराटन ब्रान्डमा विश्वव्यापी चेन बनाएको स्टारवुड कम्पनीको साझेदारीमा होटल बनाउने घोषणाले नेपाली पर्यटन क्षेत्रमा नयाँ अध्याय थप्यो। घलेले नेपालमा अन्तर्राष्ट्रियस्तरको होटल निर्माण गर्नुका पछाडि एउटै कारण छ- उनको एनआरएन अभियानसँगको आबद्धता। सम्भवत: यो अभियानसँग घले नजोडिएका भए अस्ट्रेलियाको जगमगाउँदो व्यवसायबाट समय निकालेर नेपालमा लगानीबारे सोच्ने फुर्सद उनलाई हुने थिएन। दूरसञ्चार, बैंकिङपछि झन्डै १२ अर्ब लगानीको अन्तर्राष्ट्रिय ब्रान्डको होटल निर्माणमा प्रवासी नेपालीको भूमिका सराहनीय छ।

एनआरएनएका पूर्वअध्यक्ष देवमान हिराचनले अर्थतन्त्रलाई गति दिन आधुनिक र व्यावसायिक पहल सुरु गरेका छन्। ग्लोबल क्यापिटल इन्भेस्टमेन्ट कम्पनीले काठमाडौंको रामकोटमा उत्पादन गरेको तरकारी उपत्यकाका बजारमा बिक्री हुन थालिसकेको छ। परम्परागत कृषिलाई आधुनिक प्रणालीमा रूपान्तरित गरेर हिराचनले कृषिको व्यवसायीकरणको बाटो विस्तारमा योगदान गरेका छन्। उनको अभियानले सार्थकता पाउँदा मुलुककै कृषि प्रणालीलाई नयाँ गति दिन सक्ने सम्भावना छ। अर्ग्यानिक कृषिसँगै होटल व्यवसायमा समेत लगानी गर्न हिराचनले योजना बुनिरहेका छन्। प्रवासी नेपालीले यीबाहेक अन्य केही 'ड्रिम प्रोजेक्ट'मा लगानी गरेका छन्। पोखरामा रहेको रूपाकोट रिसोर्ट त्यसैमध्येको एक हो। नेपालको पर्यटन क्षेत्रमा 'ट्रेन्ड सेटर' बनेको यसको पथ पछ्याउँदै देशैभरि रिसोर्टहरूमा लगानी विस्तार उत्साहप्रद रूपमा भइरहेको छ। दुई दिनअघि एनआरएनए डेका अवसरमा उद्घाटन गरिएको नेपाल मेडिसिटी हस्पिटल 'हेल्थकेयर सेक्टर'मा अभूतपूर्व लगानी हो। संघका संस्थापक अध्यक्ष डा. महतोको लगानीको यो अस्पतालले नेपालको चिकित्सा क्षेत्रलाई नयाँ उचाइमा लैजाने अपेक्षा गरिएको छ। प्रवासी नेपालीका केही लगानीबाहेक अधिकांश परियोजना सफल हुँदा ती स्वदेशी लगानीकर्ताका लागि 'आई ओपनर' मात्रै बनेका छैनन्, देशको आर्थिक उन्नयनमा महत्त्वपूर्ण इँटा थपेका छन्। एनआरएनहरूले हात हालेका परियोजनाको सफलता नेपालका लागि लगानीको बाटो खुल्ने अवसरसमेत बनेको छ। एनआरएनका यी परियोजना सफल हुनुमा पुँजी मात्र होइन, विदेशमा सिकेको सीप र ज्ञानको भूमिका पनि उत्तिकै छ। गैरआवासीय नेपाली अभियानको सफलताको अर्को पाटो पनि चर्चायोग्य छ। प्रवासी नेपालीबाट अपेक्षाकृत र उनको प्रतिबद्धताबमोजिमको लगानी नभित्रिएकोमा आलोचना पनि हुँदै आएको छ। कतिपय गैरआवासीय नेपालीले क्षमताभन्दा बढी लगानीको प्रतिबद्धता जनाए पनि तदनुरूपको कार्यान्वयन नभएपछि कतिपयले संस्थालाई नै पूरा नहुने सपना देखाउने र फोस्रो आश्वासन बाँड्ने संस्थाका रूपमा बुझे। उच्च महत्त्वाकांक्षी सपना बाँड्नाले विदेशमा बस्ने नेपालीबाट आएका कतिपय 'ट्रेन्डसेटर' लगानीलाई समेत छायाँमा पारिदियो। पछिल्ला वर्षहरूमा हौसिएर बढी आश्वासन दिने प्रवृत्तिलाई निरुत्साहित गर्नेतर्फ नेतृत्वले खेलेको भूमिका महत्त्वपूर्ण छ। लगानी गर्न सक्ने क्षमता र वास्तविक लगानी सुनिश्चतता हेरेर मात्रै धारणा बनाउन नेतृत्वले आफ्ना सदस्यलाई सचेत गराएपछि संस्थाको बोली र व्यवहारमा पछिल्लो समय तादात्म्यता देखिएको छ। सारमा, 'नेपालीका लागि नेपाली' भन्ने नारा सार्थक बनाउने र अभियानको गरिमा कायम राख्ने चुनौती र संक्रमणकालबाट सामान्यकालतर्फ फर्किंदै गरेको देश विकासमा सहयोग गर्ने अवसर समात्न प्रवासी नेपालीहरूको महत्त्वपूर्ण जिम्मेवारी रहनेछ।

Design & Print: Creative Press Pvt. Ltd., Kathmandu, Nepal, Email: creativeever.press@gmail.com

सम्पादन/प्रकाशन : नेपाल आर्थिक पत्रकार समाज (सेजन) द्वारा सम्पादित गैरआवासीय नेपाली विश्व सम्मेलनका अवसरमा प्रकाशित बुलेटिन